# स्थानीय राजपत्र

कालिगण्डकी गाउँपालिका, गल्मीद्धारा प्रकाशित

वर्ष ८ अंक ९, २०८१ जेठ २७ गते, आईतबार।


## उत्कृष्ट विद्यार्थी, शिक्षक तथा विद्यालय प्रोत्साहन कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८१

**प्रस्तावनाः**

कालिगण्डकी गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक, विद्यार्थी तथा विद्यालयहरुमध्येबाट छनोटका आधारमा प्रोत्साहन गरी शिक्षक, विद्यार्थी तथा विद्यालयहरुको गुणस्तर सुधार गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ "ज" ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

### परिच्छेद-१

### सङ्क्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः-**(१) यस कार्यविधिको नाम उत्कृष्ट विद्यार्थी, शिक्षक तथा विद्यालय प्रोत्साहन कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि २०८१ रहेको छ।

(२)यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।

(३)यो कार्यविधि कालिगण्डकी गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुमा मात्र लागु हुनेछ।

२. **परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः-

क. "ऐन" भन्नाले कालिगण्डकी गाउँपालिका शिक्षा ऐन, २०७५ लाई सम्झनु पर्दछ।

ख. "गाउँपालिका" भन्नाले कालिगण्डकी गाउँपालिकालाई सम्झनु पर्छ।

ग. "कार्यपालिका" भन्नाले कालिगण्डकी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

घ. "अध्यक्ष" भन्नाले कालिगण्डकी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

ङ. " प्रमुख प्रशासकिय अधिकृत" भन्नाले कालिगण्डकी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्दछ।

च. " शिक्षा, युवा तथा खेलकुद शाखा" भन्नाले कालिगण्डकी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ।

छ. "शाखा प्रमुख" भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखलाई सम्झनु पर्दछ।

ज. "शिक्षक" भन्नाले कालिगण्डकी गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा अध्यापनरत शिक्षकलाई सम्झनु पर्दछ।

झ. "विद्यालय" भन्नाले कालिगण्डकी गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुलाई सम्झनु पर्दछ।

ञ. "विद्यार्थी" भन्नाले कालिगण्डकी गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई सम्झनु पर्दछ।

## परिच्छेद–२

## उद्देश्य र छनौट समिति

३. **उद्देश्य-**यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्।

१. उत्कृष्ट विद्यार्थी, शिक्षक तथा विद्यालय छनोटका आधार तथा मापदण्ड निर्धारण गरि पारदर्शी र प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्ने।

२. तोकिएको आधार र मापदण्ड बमोजिम उत्कृष्ट विद्यार्थी, शिक्षक तथा विद्यालय छनोट गरि पुरस्कृत गर्ने।

३. उत्कृष्ट छनौट हुने विद्यार्थी, शिक्षक तथा विद्यालयलाई प्रदान गरिने प्रोत्साहन रकमलाई शैक्षिक गुणस्तर सुधारका लागि उपयोग गर्न मार्गनिर्देशन गर्ने।

४. **छनौट समिति-**उत्कृष्ट विद्यार्थी, शिक्षक तथा विद्यालय छनौट कार्यक्रममा नितिगत निर्णय गर्नको लागि तपसिल बमोजिमको छनोट समिति रहनेछ।

| | |
|---|---|
| क. प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| ख. पालिका अन्तर्गतका सम्पूर्ण माध्यमिक विद्यालयहरुबाट जेष्ठ रहेको प्रधानाध्यापक | - सदस्य |
| ग. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | - सदस्य सचिव |

## परिच्छेद–३

## छनोटका मापदण्ड तथा आधारहरु

**५. उत्कृष्ट विद्यार्थी छनौटको आधार-** उत्कृष्ट विद्यार्थी छनोटका आधारहरु देहाय अनुसार हुनेछ।

१. कक्षा ८, SEE र कक्षा १२ मा पालिकागत रुपमा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीहरु पुरस्कृतको लागि योग्य हुनेछन्।

२. उपदफा १ मा जे उल्लेख भएता पनि कक्षा ८ को हकमा सैद्धान्तिक विषयको मात्र अङ्क गणना गरी प्रथम, द्वितीय र तृतीय छनौट गरिने छ।

३. उपदफा १ र २ मा जे उल्लेख भएतापनि बजेटको प्रयाप्तता अनुसार छनोट समितिको निर्णयको आधारमा कक्षा ५ का विद्यार्थीहरुको पनि उपलब्धि मापन परीक्षाको आधारमा पालिका प्रथम, द्वितीय र तृतीय छुट्टाई पुरस्कृत गरिने छ।

**६. उत्कृष्ट शिक्षक छनोटको आधार-** उत्कृष्ट शिक्षक छनौटका आधारहरु देहाय अनुसार हुनेछ।

१. कक्षा ८, १० र १२ को परीक्षामा पालिका भित्र सबै भन्दा बढी औसत सिकाइ उपलब्धि विषयगत रुपमा प्राप्त गर्ने सबै शिक्षकहरुलाई सिकाई उपलब्धिको ७५ प्रतिशत र सो बर्षको शिक्षक डायरिको २५ प्रतिशतको आधारमा मूल्याङ्कन गरी प्रोत्साहन गरिने छ।

२.उपदफा १ अनुसार कुनै उपल्लो कक्षामा उत्कृष्ट भएको शिक्षक तल्लो कक्षामा पनि उत्कृष्ट भएमा उपल्लो कक्षाको आधारमा प्रोत्साहन गरिनेछ।

**७. उत्कृष्ट विद्यालय छनोटको आधार-**

**१.** उत्कृष्ट विद्यालय छनौटका आधारहरु देहाय अनुसार हुनेछ।

| क्र.सं. | विवरण | आधार | पुर्णाङ्क |
|---|---|---|---|
| १. | विद्यार्थी सङ्ख्या | २०० सम्मको २ अङ्क, २५० सम्मको ५ अङ्क, ३०० सम्मको ७ अङ्क र ४०० भन्दा माथि १० अङ्क | १० |
| २. | शिक्षक दरबन्दी | दरबन्दी र राहत शिक्षक अनुसार विद्यार्थी अनुपात ३० भन्दा कम भए ४ अङ्क, ४० भन्दा कम भए ५ अङ्क, ५० भन्दा कम भए ६ अङ्क, ६० भन्दा कम भए ८ अङ्क र सो भन्दा माथि भए १० अङ्क | १० |
| ३. | कक्षा ८/एस.ई.ई./NEB | ३ वर्षको औसत जीपीए १.५ सम्म भए १०, २ सम्म भए १५ र २ भन्दा माथि भए २० अङ्क | २० |
| ४. | सिकाई उपलब्धि | पछिल्लो शैक्षिक सत्रको सिकाई उपलब्धि औषत २ सम्मको लाई ५ अङ्क, ३ सम्मको ७ अङ्क र ३ भन्दा माथिलाई १० अङ्क | १० |
| ५. | कार्य सम्पादन परीक्षण साधन | शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट जारी कार्य सम्पादन परीक्षण साधन अनुसार प्राप्ताङ्क वापत। | ५० |
| **जम्मा** | | | १०० |

२. आधारभूत तह सञ्चालित विद्यालयहरुको उपदफा १ को ५ अनुसारको विवरण प्राप्त नभएमा विद्यालय अनुगमन प्रतिवेदनको आधारमा छनौट समितिको निर्णय अनुसार अङ्क प्रदान गरिनेछ।

**८. उत्कृष्ट विद्यार्थी ,शिक्षक तथा विद्यालयलाई उपलब्ध गराइने पुरस्कार:-** कालिगण्डकी गाउँपालिकाले स्वीकृत वार्षिक बजेट कार्यक्रम अनुसार विद्यार्थी, शिक्षकको मनोबलमा आच नआउने तरिकाले विद्यार्थी, शिक्षक तथा विद्यालयलाई नगद तथा जिन्सि पुरस्कारको व्यवस्था गरिनेछ। सोको व्यवस्था कार्यपालिकाको निर्णयले व्यवस्था गरे बमोजिम हुनेछ।

**९. बाधा अडकाउ फुकाउने अधिकार:-** यो कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ पर्न आएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

**१०. व्याख्या गर्ने अधिकार :-** यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

**११. बचाउ :-** यस कार्यविधिमा उल्लेख गरे देखि बाहेकका विषयहरु कालिगण्डकी गाउँपालिकाको शिक्षा ऐन, शिक्षा नियमावली तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम हुनेछ ।

## अनुसुची १

## शिक्षकले भर्नुपर्ने फारामको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
**कालिगण्डकी गाउँपालिका, गुल्मी**

**कालिगण्डकी गाउँपालिका, गुल्मी**को आ.व ................. को वार्षिक स्वीकृत कार्यक्रम अनुसार उत्कृष्ट शिक्षकलाई प्रोत्साहन कार्यक्रम बमोजिमम उक्त प्रोत्साहन प्राप्तगर्न योग्य रहेकाले तपसिलको विवरण खुलाई यो निवेदन पेशगर्दछु ।

| | | |
|---|---|---|
| जिल्ला : | स्थानीय तह :<br>वडाको नाम: टोलको नाम: | वडा नं. : |
| अध्यापन गरेको विद्यालयको नाम र ठेगाना:- | | |
| शिक्षकको नामथर :- | | नियुक्तिको प्रकार :- |
| सूरुको नियुक्ति :-<br>दोस्रो पटक बढुवा मिति :- | प्रथम पटक बढुवा मिति :- | |
| तह/श्रेणी :-<br>सिटरोल नम्बर(स्थायीको हकमा):- | | सम्पर्क नम्बर :- |

**अन्य विवरण:-**

| क्र.सं. | विवरण | आधार | शिक्षकले भर्ने | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १. | कार्य अनुभव | वर्षमा लेख्ने | | |
| २. | शैक्षिक उपलब्धि | शै.स. .......... को कक्षा ८/SEE/NEB मा अध्यापन गर्ने विषयको | | |
| ३. | शैक्षिक योग्यता | उल्लेख गर्ने | | |
| ४. | विशेष जिम्मेवारी | उल्लेख गर्ने | | |

**निवेदक**
शिक्षकको नामथर:-
हस्ताक्षार :-
मिति :-

## अनुसुची २

## विद्यार्थीले भर्नुपर्ने फारामको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
**कालिगण्डकी गाउँपालिका, गुल्मी**

**कालिगण्डकी गाउँपालिका, गुल्मी**को आ.व.................को वार्षिक स्वीकृत कार्यक्रम अनुसार उत्कृष्ट विद्यार्थीलाई प्रोत्साहन कार्यक्रम बमोजिम उक्त प्रोत्साहन प्राप्त गर्न योग्य रहेकाले तपसिलको विवरण खुलाई यो निवेदन पेश गर्दछु ।

**तपसिल:-**

| | | |
|---|---|---|
| जिल्ला : | स्थानीय तह :<br>वडाको नाम: | वडा नं. : |
| अध्ययन गरेको विद्यालयको नाम र ठेगाना (SEE/८/NEB अनुसार):-<br>हाल अध्ययन गरेको विद्यालयको नाम र ठेगाना :- | | |
| विद्यार्थीको नामथर :-<br>जन्ममिति :- | सम्पर्क नम्बर :- | |
| बुवाको नामथर :-<br>बाजेको नामथर :-<br>अध्ययन गरेको क्षेत्र (SEE/८/NEB अनुसार):- साधारण/प्राविधिक विषय | आमाको नामथर :-<br>बुवा/आमाको सम्पर्क नम्बर :- | |

**अन्य विवरण:-**

| क्र.सं. | विवरण | आधार | विद्यार्थीले भर्ने | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १. | उमेर | वर्षमा लेख्ने | | |
| २. | शैक्षिक उपलब्धि | शै.स. .................. को SEE/८/NEB मा प्राप्त अङ्क | | |

**निवेदक**
विद्यार्थीको नामथर:-
हस्ताक्षार :-
मिति :-

## अनुसुची ३
## विद्यालयले भर्नुपर्ने फारामको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
**कालिगण्डकी गाउँपालिका, गुल्मी**

**कालिगण्डकी गाउँपालिका, गुल्मी**को आ.व..................को वार्षिक स्वीकृत कार्यक्रम अनुसार उत्कृष्ट विद्यालयलाई प्रोत्साहन कार्यक्रम बमोजिमम उक्त प्रोत्साहन प्राप्त गर्न योग्य रहेकाले तपसिलको विवरण खुलाई यो निवेदन पेश गर्दछु ।

| | | | | | |
|---|---|---|---|---|---|
| जिल्ला : स्थानीय तह : वडा नं. : वडाको नाम: टोलको नाम: | | | | | |
| विद्यालयको नाम:- | | | | | |
| दरवन्दि विवरण :- प्राथमिक तह- नि.मा. तह- मा.तह- उ.मा.वि. अनुदान- प्राविधिक- जम्मा- | | | | | |
| विद्यार्थी विवरण :- आधारभूत (१-५) - आधारभूत (६-८) - मा. (९-१०) - मा. (११-१२) - प्राविधिक (९-१२) - जम्मा वाल विकास- | | | | | |
| प्र.अ.को नाम :- सम्पर्क नम्बर :- वि.ब्य.स. अध्यक्षको नाम- सम्पर्क नम्वर- | | | | | |
| **अन्य विवरण:- औसत सिकाई उपलब्धि विगत ३ वर्षको GPA मा** | | | | | |
| **क्र.सं.** | **कक्षा** | **२०७८** | **२०७९** | **२०८०** | **कैफित** |
| १. | ८ | | | | |
| २. | SEE | | | | |
| ३. | NEB | | | | |

**विद्यालयको छाप**

**निवेदक**
प्र.अ.को नामथर:-
हस्ताक्षार :-
मिति :-

**प्रमाणिकरणः**

**वेद बहादुर थापा**

गाउँपालिका अध्यक्ष

प्रमाणिकरण मितिः २०८१ जेठ २७ गते, आईतबार।

आज्ञाले,

**नरेश गिरी**

प्रमुख प्रशासकीय अधिकृत